**आकाशवाणी समाचार- नेपाली**
मितिः ०१ फरवरी २०२६
समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- वित्त मंत्री निर्मला सीतारामनले आज लोकसभामा वर्ष 2026-27 को केन्द्रीय बजट पेश गर्नुहुनेछ।

- संत रविदासको जयंती आज देशभरिमै मनाइन्दै छ। उहा 14औ शताब्दीको संत अनि उत्तर भारतमा भक्ति आंदोलनको संस्थापक हुनुहुन्थ्यो।

- भारतीय तटरक्षक बलले आज आफ्नो स्थापनाको 50औ वर्षगांठ मनाईरहेको छ जो लगभग 5 दशकको राष्ट्र प्रति समर्पित अनि निस्वार्थ सेवाको प्रतीक हो|

- पश्चिम बंगाल पुलिसमा एक पल्ट फेरी बृहत स्तरमा फेरबदल गरिएको छ।

- शब्द समयको 150औँ प्रकरण हिज जयशोदा भवन, सालबारीमा सम्पन्न भएको छ।

- तिरन्दाज एसोसिएसन कालेबुङको आयोजनामा चार दिवसीय राज्यस्तरीय ४६औँ राज्य आर्चरी प्रतियोगिता मेला ग्राउन्डमा सम्पन्न भएको छ।

**निर्मला बजट**

वित्त मंत्री निर्मला सीतारामनले आज लोकसभामा वर्ष 2026-27 को केन्द्रीय बजट पेश गर्नुहुनेछ। बजट पेश भए पछि यसको प्रति राज्यसभामा पटलमा राखिनेछ। नरेन्द्र मोदी सरकारको तेस्रो कार्यकालको यो तेस्रो बजट हो। बजट तैयार गर्न भन्दा पहिला वित्त मंत्रीले विशेषज्ञहरु अनि अर्थशास्त्रिहरु , व्यापार संगठनहरु , शिक्षा अनि स्वास्थ्य क्षेत्र, सूक्ष्म लघु अनि मध्यम उद्यम, व्यापार अनि सेवा उद्योग, वित्तीय क्षेत्र अनि पूंजी बाज़ारका प्रतिनिधिहरु लगाएत अन्य बिभिन्न हितधारकहरुसित परामर्श बैठक गर्नुभयो। कृषि मंत्री शिवराज सिंहले पनि कृषि अनि ग्रामीण विकाससित संबंधित विभिन्न बिषयहरु बारे बजट पूर्व व्यापाक परामर्श गर्नुभयो अनि सुझावहरुको संकलित रिपोर्ट वित्त मंत्रीलाई प्रस्तुत गर्नुभयो।

**राष्ट्रपति रविदास**

संत रविदासको जयंती आज देशभरिमै मनाइन्दै छ। उहा 14औ शताब्दीको संत अनि उत्तर भारतमा भक्ति आंदोलनको संस्थापक हुनुहुन्थ्यो। यो दिवस हिन्दू कैलेण्डर अनुसार माघ महीनाको पूर्णिमाको दिन मनाईने गरिन्छ। यस अवसरमा श्रद्धालुहरुले वाराणसीमा गुरु रविदास जन्म स्थान मंदिर गोवर्धनपुरमा एकत्र भएर उहाको जयंती मनाउद छन्। राष्ट्रपति द्रौपदी मुर्मुले गुरु रविदासको जयंतीमा मानिसहरुलाई शुभकामना दिनुभएको छ। राष्ट्रपतिले आफ्नो संदेशमा भन्नुभयो कि गुरु रविदास सम्मानित संत अनि समाज सुधारक हुनुहुन्थ्यो। उहाले आफ्नो उपदेशमा समानता, सामाजिक न्याय अनि प्रेमको संदेश दिनुभयो। राष्ट्रपतिले सबैसित संत रविदासका उपदेशहरुलाई आफ्नो जीवनमा समाहित गर्ने अनि राष्ट्र निर्माणमा सक्रिय रूपले योगदान गर्ने आह्वान गर्नुभयो।

**अमित शाह- बंगाल**

भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा केन्द्रीय गृहमन्त्री अमित शाहले पश्चिम बंगाल सरकारले घुसपैठिहरुलाई संरक्षण दिईरहेको आरोप लगाउनु भएको छ। उहाँले भन्नुभयो भ्रष्टाचारलाई संस्थागत रूप दिईएको छ र चुनावी फायदाका लागि सीमा सुरक्षा सम्बन्धी

कदमहरूलाई जानी-बूझी रोकिन्दै छ। हिज उत्तर 24 परगना जिल्लाको ब्यारकपुरमा भाजपा कार्यकर्ताहरूको बैठकलाई सम्बोधित गर्दै अमित शाहले आगामी विधानसभा चुनावमा तृणमूल काग्रेस सरकार पराजित हुनु तय छ भन्नुभयो।उहाँले भन्नुभयो पश्चिम बंगालमा भाजपा सरकारको गठन राज्यको लागि मात्र नभएर सम्पूर्ण देशको राष्ट्रिय सुरक्षाको लागि पनि आवश्यक छ। अमित शाहले भन्नुभयो पश्चिम बंगालमा जस्तो प्रकारले घुसपैठ भइरहेको छ त्यो सम्पूर्ण देशको लागि सुरक्षाको ठूलो मुद्दा बनेको छ।.उहाँले आरोप लगाउँदै भन्नुभयो अदालतको आदेश पछि पनि, तृणमूल सरकारले सीमामा बार लगाउन बीएसएफलाई जमीन दिईकोको छैन किनभने घुसपैठीहरु उसको भोट बैंक हुन्।
दक्षिण 24 परगनाको, नरेन्द्रपुरको नाजिराबादमा एक गोदाममा आगलागी हुँदा 27 जनाको मृत्यु भएको छ। श्री शाहले घटनाको निष्पक्ष जाँचको माग गर्दै यो घटना सत्तारूढ पार्टीको भ्रष्टाचारको परिणाम रहेको बताउनुभयो। उहाँले मृतकको मुद्दामा मुख्यमन्त्रीले वोट बैंकको राजनीति गरिरहेको आरोप समेत लगाउनु भयो।अमित शाहले टीएमसीले मतुआ र नामशुद्र समुदायलाई धम्की दिएको आरोप लगाउनु भयो। उहाँले यी समुदायहरू डराउनु पर्दैन भन्दै कसैले पनि उनीहरूको वोट छुन सक्दैन भनेर आश्वासन दिनुभयो।गृहमन्त्रीले टीएमसीले संसदमा "वन्दे मातरम्" बारे चर्चाको क्रममा विरोध गरेको आरोप पनि लगाउनुभये। उहाँले जनतालाई तृणमूल शासनलाई उखालेर फ्याक्न र बंगालमा देशभक्त वा राष्ट्रवादीको सरकार बनाउने अपील गर्नुभयो।

**तटरक्षक बल - स्थापना दिवस**

भारतीय तटरक्षक बलले आज आफ्नो स्थापनाको 50औ वर्षगांठ मनाईरहेको छ जो लगभग 5 दशकको राष्ट्र प्रति समर्पित अनि निस्वार्थ सेवाको प्रतीक हो। बर्ष 1977 मा मात्र सात पोत सित शुरू भएको भारतीय तटरक्षक बल आज 155 पोत अनि 80 विमानहरुको एक ठूलो समुद्री शक्तिको रूपमा विकसित भएको छ। तटरक्षक बल, वर्ष 2030 सम्म 200 पोत अनि 100 विमानहरुको आफ्नो लक्ष्य प्राप्त गर्नको लागि तत्पर छ।समुद्री चुनौतिहरुको सामना गर्न अनि भारतको बढ़दो समुद्री हितहरुको रक्षा गर्नको लागि पहिलो फरवरी 1977 मा भारतीय तटरक्षक बलको गठन गरिएको थियो। आत्मनिर्भर भारत अनि मेक इन इंडियाको अनुरूप, भारतीय तटरक्षक बल स्वदेशी रूपमा निर्मित पोतहरु, विमानहरु , हेलीकॉप्टरहरु अनि उन्नत निगरानी प्रणालिहरु सामेल गरेर आत्मनिर्भरता तर्फ अग्रसर छ।

**पश्चिम बंगाल पुलिसमा - फेरबदल**

पश्चिम बंगाल पुलिसमा एक पल्ट फेरी बृहत स्तरमा फेरबदल गरिएको छ। गत शुक्रवार पछि हिज शनिवार पनि राज्य सचिवालय नबान्नले कोलकाता लगाएत राज्य पुलिसको विभिन्न पदहरुमा तैनात कुल 27 अधिकारिहरुको स्तानान्तरणको आदेश जारी गरेको छ। यसमा मुर्शिदाबाद जिल्लाका पुलिस अधीक्षकको स्तानान्तरणलाई लिएर सबैभन्दा अधिक चर्चा छ। हालको बेलडांगा हिंसा पछि मुर्शिदाबादका एसपी सनी राजलाई उनको पदबाट हटाईएको छ। उहाको स्थानमा धृतिमान सरकारलाई जिल्लाको नयाँ एसपी बनाईएको छ। येद्धपि नबान्न सूत्रहरुले यसलाई रूटीन प्रक्रियाको हिस्सा बताएको छ। पीयूष पांडेले राज्य पुलिसको नयाँ डीजी को रूपमा कार्यभार संभालनु भएको छ जबकि सुप्रतिम सरकारले कोलकाताको पुलिस आयुक्तको रुपमा जिम्मेवारी संभालनु भएको छ। हालैमा आईपैक प्रमुख प्रतीक जैनको घरमा ईडी को छापामारीको अवधि अघि आएको घटनाक्रम पछि पनि पुलिस विभागमा हलचल मच्चिएको थियो। त्येस दिन तत्कालीन डीसी (दक्षिण) प्रियमब्रत राय घटनास्थलमा पुगेका थिए अनि उनिसित धक्का-मुक्कीको आरोप लागेको थियो। त्येस पछि अब उहालाई नयाँ जिम्मेवारी सुम्पिएको छ।

**तिरान्दाजी-कालेबुङ्ग**

तिरन्दाज एसोसिएसन कालेबुङको आयोजनामा चार दिवसीय राज्यस्तरीय ४६औँ राज्य आर्चरी प्रतियोगिता मेला ग्राउन्डमा सम्पन्न भइरहेको छ। २८ जनवरीदेखि शुरु भएको यस प्रतियोगितामा राज्यभरिका विभिन्न जिल्लाबाट प्रतियोगीहरुले अंशग्रहण गरिरहेका छन्। विभिन्न वर्गमा सम्पन्न भइरहेको यस प्रतियोगितामा राज्य स्तरीय खेलाडीहरूले उत्साहपूर्वक सहभागिता जनाइरहेका छन भने प्रतियोगितामा अंशग्रहण गरेर प्रथम दोस्रो अनि तेस्रो हुने खेलाडीहरूलाई राष्ट्रिय स्तरको अन्य प्रतियोगिताहरूमा अवसर प्राप्त हुने भएको छ। कालेबुङ्गमा पहिलोपल्ट यस प्रकारको आयोजना गरिएको हो। उद्घाटन समारोहमा जिल्लापाल कुहुक भूषण, विधायक रुदेन् लेप्चा पुलिस अधिकारीहरू अनि विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

**घैयाबारी (एसआईआर)**

खरसाङ खण्ड अन्तर्गत घैयाबारी ग्राम पञ्चायत तीनमा मतदाता विशेष गहन पुनरीक्षण (एसआईआर) को सुनवाई प्रक्रिया सम्पन्न भएको छ। प्राप्त जानकारी अनुसार, घैयाबारी ग्राम पञ्चायत तीनको 7 वटा बुथहरुमध्ये चारवटा बुथहरुका मतदाताहरुलाई लिएर एसआईआरको सुनवाई प्रक्रिया सम्पन्न गरियो। यस क्रममा घैयाबारी ग्राम पञ्चायत तीनको बुथ नम्बर 253 बाट 80 जना, 254 बाट 64 जना, बुथ नम्बर 256 बाट 85 जना र बुथ नम्बर 257 बाट 107 जना गरी जम्मा 336 जना मतदाताहरुलाई लिएर एसआईआरको सुनवाई प्रक्रिया सम्पन्न गरिएको ग्राम पञ्चायत तीनको पञ्चायत उप प्रधान केवल राईले जानकारी गराए।

**शब्द समय- 150औँ प्रकरण**

शब्द समयको 150औँ प्रकरण हिज जयशोदा भवन, सालबारीमा सम्पन्न भएको छ। कार्यक्रमको अध्यक्षता वरिष्ठ कवि मोहन ठकुरीले गरेका थिए। स्वागत भाषणपछि कविता अधिकारीको अगुवाईमा एउटा उदबोधनी गीत प्रस्तुत गरियो। यसै क्रममा डा. सञ्जय बान्तवाले वक्तव्य राखेका थिए। यस प्रकरणमा शब्द समयको बहुचर्चित र अपेक्षित कथासङ्ग्रह ‘शब्द समय’ को विधिवत् लोकार्पण भयो। कथा सङ्ग्रहमाथि वरिष्ठ कवि ज्ञानेन्द्र खतिवडाले सविस्तार वक्तव्य राखेका थिए। वक्तव्यको क्रममा नेपालबाट आएका विशिष्ट अतिथि चन्द्र भण्डारी र दीपक सुवेदीले पनि आ-आफ्नो वक्तव्य राखेका थिए। अध्यक्षको मन्तव्यपछि निर्मल सिञ्चुरीले धन्यवाद ज्ञापन गरेका थिए।

**स्रष्टा सङ्गम - छैंटौं वार्षिक सम्मेलन**

भारतीय नेपाली भाषी इसाई स्रष्टाहरुको साझा मञ्च स्रष्टा सङ्गमको दुई दिवसीय छैंटौं वार्षिक सम्मेलन सिटोङमा सम्पन्न भएको छ। स्रष्टा सङ्गमको केन्द्रिय सभापति एल्डर राजु राईको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विशिष्ट अतिथिको रुपमा हिमालयन पेन्टीकोस्टल चर्च डायोसिसका महासचिव एवं माइनोरिटी विभाग जीटीएका सल्लाहकार रेभरेन्ट रमेश गुरुङ र रेभरेन्ट दयाछिरिङ लेप्चा उपस्थित रहेका थिए। दोस्रो दिन साहित्यिक कार्यक्रम लगायत सांस्कृतिक कार्यक्रमहरू प्रस्तुत गरिएको थियो। दोस्रो दिनको अन्तिम सत्रमा स्रष्टा सम्मान अलङ्करण समारोह सम्पन्न गरियो। कार्यक्रममा प्रेरित ध्रुव 'शिष्य' र कथाकार एडना घलेलाई स्रष्टा सम्मान 2026 द्वारा सम्मानित गरियो। कार्यक्रममा सिक्किम, कालेबुङ, दार्जिलिङ, खरसाङ, सिलगढी, सिटोङ, सालबारी, बिजनबारी लगायत अन्य विभिन्न स्थानहरुबाट स्रष्टाहरु उपस्थित रहेका थिए। अब 2027 मा स्रष्टा सङ्गमको सातौँ वार्षिक सम्मेलन सिक्किममा हुने भएको छ।

****** ० ******